# स्थानीय राजपत्र

## रुवी भ्याली गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः ८** **संख्याः १** **मितिः२०८१/०२/१४**


## भाग २

नेपालको संविधान बमोजिम रुवी भ्याली कार्यपालिकाले बनाएको देहाय बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ

### रुवी भ्याली गाउँपालिका बाल क्लब गठन तथा सहजीकरण निर्देशिका २०८१

**प्रस्तावनाः**

नेपालको सविधानको मौलिक हकमा उल्लेख भएको बालबालिकाको सहभागिताको अधिकार तथा नागरिकहरूको संगठन स्वतन्त्रता र शान्तिपूर्ण भेला हुन पाउने अधिकारको व्यवहारिक कार्यान्वयनमा सहयोग पु-याउन, नेपाल सरकारले लागू गरिआएको बालमैत्री स्थानीय शासन रणनीति अन्तर्गत बाल क्लब गठन तथा सहजीकरण प्रक्रियालाई व्यवस्थित र प्रभावकारी ढंगले लागु गर्न गराउन, स्थानीय तहलाई सहयोग पुगोस भन्ने उद्देश्यले नेपाल सरकार, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यो निर्देशिका जारी गरेकाले यहि निर्देशिकालाई प्रभावकारी रूपमा स्थानीय तहसम्म कार्यान्वयन गर्नका लागि यस रुवी भ्याली गाउँपालिकाले स्थानीयकरण गरि जारी गरेको छ।

## परिच्छेद १ :

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

१) यस निर्देशिकाको नामः रुवी भ्याली गाउँपालिका बाल क्लब गठन तथा सहजीकरण निर्देशिका २०८१ रहेको छ ।

२) यो निर्देशिका तुरून्तै लागु हुनेछ ।

२. परिभाषा विषय वा प्रसगले अर्को अर्थ नलागेमा यस निर्देशिकाको प्रयोजनका लागि निम्न परिभाषा कायम गरिएको छः

१) "स्थानीय तह" भन्नाले रुवी भ्याली गाउँपालिका र त्यस अन्तर्गत रहने वडा कार्यालयसमेतलाई जनाउनेछ ।

२) "सेवा प्रदायक कार्यालय"ले नेपाल सरकार अन्तर्गत स्थानीय तहमा सेवा प्रवाह गरिरहेका स्वास्थ्य चौकि, विद्यालय, प्रहरी चौकि तथा गैह्र सरकारी निकायहरूलाई जनाउनेछ ।

३) "वडाअध्यक्ष" भन्नाले यस रुवी भ्याली गाउँपालिकाको वडाअध्यक्षलाई जनाउनेछ।

४) "बाल क्लब " यस निर्देशिका बमोजिम गठन भई गाउँपालिकामा सुचिकृत भएका १८ वर्ष भन्दा कम उमेरका बालबालिकाहरूको संगठनलाई जनाउनेछ ।

५) बाल सञ्जाल: यस निर्देशिका बमोजिम गठन भएका बाल क्लबहरूको सञ्जाललाई जनाउनेछ।

६) विशिष्टीकृत बाल क्लब विश्वव्यापी प्रचलनमा रहेका नियम तथा नेपाल सरकारका विशिष्टीकृत निकायले विशिष्ट उद्देश्यले निर्माण गरेका क्लबहरूः जुनियर रेडक्रस, राष्ट्रीय रोट्याक्ट क्लब, लियो क्लब, रेयुकाइ समहु जस्ता विशेष क्लबलाई जनाउँदछ ।

७) सहजकर्ताः बाल क्लबको गठन तथा सञ्चालनका लागि यस निर्देशिका बमोजिम नियुक्त व्यक्तिलाई जनाउँदछ ।

८) सहयोगी संस्था : गाउँपालिकामा बाल क्लबलाई सहयोग गर्ने तथा बाल सहभागिताका विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेका अनुमती प्राप्त गैरसरकारी संस्थाहरू ।

९) फोकल पर्सनः बालमैत्री स्थानीय शासन कार्यान्वयन तथा घोषणा कार्यविधी २०७४ कार्यक्रम सञ्चालन गर्न नियुक्त फोकल पर्सनलाई जनाउँदछ ।

१०) संरक्षक शिक्षक : विद्यालयमा बाल क्लबलाई सहयोग तथा सहजीकरण गर्न तोकिएको शिक्षक ।

११) "बालमैत्री शासन" भन्नाले विना भेदभाव बालबालिकाको सर्वोत्तम हित, सर्वाङ्गीण विकास र सहभागिताको सिद्धान्तमा आधारित भई बालअधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्न राज्यको तर्फबाट गरिने समष्टिगत पद्दति र परिपाटीलाई सम्झनुपर्दछ।

१२) "बालमैत्री कार्यक्रम" भन्नाले बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिमा आधारित भै सरकारी तथा गैर सरकारी क्षेत्रबाट र साझेदारीमा सञ्चालन हुने कार्यक्रमहरू सम्झनुपर्दछ ।

३. निर्देशिकाको उद्देश्य यस निर्देशिकाले निम्न उद्देश्य लिएको छः

१) बालबालिकाको संगठन स्वतन्त्रताको अधिकारलाई व्यवस्थित र प्रभावकारी कार्यान्वयन गर्ने ।

२) बाल क्लबहरूको गठन, सञ्चालन तथा सहभागितालाई अर्थपूर्ण, नैतिक, सुरक्षित र पारदर्शी तथा समावेशी बनाउने ।

३) बाल मैत्री स्थानीय सशासनको प्रभावकारी कार्यान्वयनमा टेवा पुर्याउने ।

४) बाल क्लबहरूलाई एकद्वार प्रणाली मार्फत क्रियाशील गरि बालसहभागीताको सुनिश्चितताको लागि सहयोग गर्ने ।

५) सबै बाल क्लबहरूको गठन, क्षमता विकास र परिचालनमा एकरूपता ल्याउने।

४. निर्देशिकाको कार्यान्वयनः

१. गाउँपालिकामा बाल क्लब गठन तथा सहजीकरणका लागि यस निर्देशिका बमोजिम गर्नु गराउनु गाउँपालिकाको दायित्व हुनेछ ।

२. बाल सहभागीता तथा बाल क्लब सहजीकरणमा क्रीयाशील गैसस, राष्ट्रिय गैसस, अन्तराष्ट्रिय गैसस, तथा विकास साझेदारहरुले यस निर्देशिकाको प्रचार प्रसार गर्नु र यस बमोजिम गर्न गराउनु उनीहरुको जिम्मेवारी हुनेछ।

३. विशिष्टिकृत बाल क्लबहरुकोल सन्दर्भमा यो निर्देशिका लागु हुनेछैन।

## परिच्छेद २:
## बाल क्लबको गठन प्रकृया

५.बाल क्लबका किसिमः

१) बाल क्लब भन्नालेः सामान्यतया ३० जना वा सो भन्दा बढी बालबालिका भेला भई कुनै निश्चित विषय वा क्षेत्रका बालबालिकाको सरोकारहरूमा कार्य गर्ने तथा उक्त क्षेत्रमा बाल अधिकारको प्रचार प्रसार र अनुगमन गर्न गठन गरिएको क्लबलाई नै बाल क्लब मानिनेछ ।

२) सबै बाल क्लबहरू गाउँपालिकामा अनिवार्य सुचिकृत र नविकरण हुनपर्नेछ।

३) .एक विद्यालय र एक समुदायमा एक बाल क्लब रहनेछ । विभिन्न उमेर र विषयगत बाल क्लबहरू सोही बाल क्लब अन्तर्गत उप क्लबको रूपमा क्रियाशिल हुन सक्नेछ ।

४) बाल क्लबको गठन गर्दा तल दिइएका ३ वटा उमेर समुहका (५ देखि ११ वर्ष उमेर समुह, १२ देखि १५ वर्ष उमेर समुह र १६ देखि १८ वर्ष उमेर समुह आधारमा छट्टा छुट्टै गठन गर्न सकिने छ ।

५) बाल क्लब सामान्यतया ६ प्रकारका हुनेछन्ः

५.१ ) समुदायमा आधारित बाल क्लबहरू :

- कुनै निश्चित भुगोलभित्रका बालबालिकाहरूलाई समेटेर वा निश्चित भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र बनाएर गठन भएका बाल क्लबलाई समुदायमा आधारीत बाल क्लब भनिनेछ ।
- गाउँपालिकाको सन्दर्भमा कुनै टोल, बस्ती, वडाभित्र बाल क्लब गठन गर्न सकिन्छ ।

- यस्ता बाल क्लबले सम्बन्धित भुगोल भित्रका सबै उमेर लिंग, जातजाती, आर्थिक हैसियत तथा शारिरिक अवस्थाका बालबालिकाहरूलाई समेट्ने र उनीहरूको उचित प्रतिनिधित्व तथा सहभागीता हुने सुनिश्चित गरिनुपर्नेछ।
- आपसका सरोकारहरूलाई सामुहिकीकरण गर्न बाल क्लब सन्जाल गठन गरिनेछ ।
- यसरी बाल क्लब सञ्जाल गठन गर्दा समुदायमा आधारित, विद्यालयमा आधारीत तथा विषयगत बाल क्लबहरू सम्मिलित हुन सक्नेछन् ।
- यसरी बन्ने बाल क्लबमा उक्त क्षेत्रभित्र बसोबास भएको बालबालिका मात्र सदस्य बन्न सक्नेछन् ।

५.२) विद्यालयमा आधारित बाल क्लबहरू।

- कुनै विद्यालयमा अध्ययनरत बालबालिकाहरूलाई समेटेर उक्त विद्यालय भित्र बाल अधिकार अनुगमन तथा प्रवर्द्धन गर्न गठन भएका बाल क्लबलाई विद्यालयमा आधारित बाल क्लब भनिनेछ ।
- विद्यालयमा आधारित बाल क्लबहरूले सबै क्षेत्र जातजाती, कक्षा, लिङ्ग, दलित तथा अल्पसंख्यक र शारिरिक हैसियतका बालबालिकाहरूको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्नुपर्दछ ।
- यसरी बन्ने बाल क्लबमा सदस्य बन्नका लागि सम्बन्धित बालबालिका उक्त विद्यालयमा भर्ना भइ अध्ययनरत हुनुपर्दछ ।

५.३) विषयगत बाल क्लबहरू:

- विषयगत रूपमा निश्चित विषयहरू जस्तै बालिकाहरूको मात्र सबाल, जलवायु परिवर्तन, बाल श्रम, एच आइ भि एड्स जस्ता विषयहरूमा कार्य गर्न समुदायमा विशिष्ट ढंगले विषयगत बाल क्लबहरू गठन गर्न सकिनेछ ।
- समुदायमा लुकेर रहेका वा समुदायमा पर्याप्त रूपमा सम्बोधन हुन नसकेका विशिष्ट विषयहरूमा आधारित रहेर गठन भएका बाल क्लबलाई विषयगत बाल क्लब मानिनेछ ।
- विद्यालयभित्र यस्ता बाल क्लब गठन भएमा उक्त क्लबलाई विद्यालय स्तरीय बाल क्लबकै उपक्लब मानिनेछ ।

५.४) विशिष्टीकृत बाल क्लब :

- अन्तर्राष्ट्रिय रूपमा नै स्थापित स्वयंसेवा अभियान तथा संगठनहरू, नेपाल सरकारका विशिष्टकृत निकायले विशेष प्रकृतीका आफ्नो संस्थागत बाल क्लब
- गठन गर्न सक्नेछन् । जस्तै जुनीयर रेडक्रस, स्काउट, लियो, रोट्याक्ट, आदि । यिनीहरूको गठन र व्यबस्थापन विधि स्वयं यसका महासंघ, संरक्षक निकाय तथा स्थापित मान्यता र विधानहरूवाट सञ्चालित हुनेछन् ।

५.५ ) बाल क्लब सञ्जाल :

- गाउँपालिका र वडा स्तरमा सुचीकृत भएका बाल क्लबहरू एक आपसमा भेला भइ एक आपसका काम र अभियानहरूलाई साथ सहयोग गर्ने तथा एक आपसका सरोकारहरुलाई सामुहिकीकरण गर्न बाल क्लब सञ्जाल गठन गरिनेछ।
- यसरी बाल क्लब सञ्जाल गठन गर्दा समुदायमा आधारित तथा विषयगत बाल क्लबहरु सम्मिलित हुन सक्नेछन् ।

## ६.बाल क्लब गठनका लागि सुचना, भेलाको आयोजना तथा अभिमुखिकरणः

१) समुदायमा आधारित बाल क्लब गठन गर्न चाहने जो कोहिले पनि बाल क्लब गठन गर्ने औचित्य र कारणहरू समेत स्पष्ट पारी न्युनतम पनि ७ दिन अगावै सम्बन्धित समुदायका बालबालिका तथा अविभावकहरूलाई खुला सुचना दिनुपर्नेछ ।

२) यसरी दिइने सुचना सरल नेपाली भाषामा र आवश्यक्ता अनुसार स्थानीय समुदायको अन्य भाषाहरूमा समेत दिनुपर्नेछ ।

३) सूचना उपलब्ध गराउने विधिमा स्थानीय विद्यालय भवन, वडा कार्यालय, नागरिक सुचना केन्द्र, सामुदायिक सहकारी तथा बचत समुहका कार्यालयहरू, उपभोक्ता समितिको कार्यालय भवन, प्रहरी चौकी, स्वास्थ्य चौकि, विद्यालय र पहुंचमा आएका बालबालिकाहरूलाई मौखिक रूपमा भेलाका लागि जानकारी दिन सकिनेछ ।

४) बाल क्लब गठन गर्ने भेलामा न्युनतम ३० जना बालबालिकाहरूको उपस्थिती हुन जरूरी छ । विद्यालयमा आधारित क्लब गठन गर्ने भेलाको हकमा न्युनतम ५० प्रतिशत विद्यार्थीको उपस्थिति हुन जरुरी छ।

५) बाल क्लबको गठन गर्ने भेला बालबालिकाको लागि सहज पहुंच भएको र सुरक्षीत स्थानीय सार्वजनिक स्थल वा भवनहरूमा आयोजना गरिनुपर्दछ ।

६) बाल क्लब गठन भेलामा निम्न विषयहरूमा अभिमुखिकरण तथा छलफल गरिनुपर्दछः

- बाल अधिकारको अवधारणा,
- बाल सहभागिताको अधिकार,
- बाल सहभागितामा नेपालको नितिगत व्यवस्थाहरू,
- गाउँपालिकामा बाल क्लब गठन गर्नुको कारण र योजना,
- बाल क्लबको मुख्य उद्देश्य र कार्यक्रमहरू ।

७) अभिमुखीकरण तथा जानकारीहरू सरल र बालबालिकाले बुझ्ने भाषामा गरिनुपर्दछ । यदी बहुसंख्यक सहभागी नेपाली भाषा बुझ्ने खालका छैनन् भने स्थानीय भाषामा अभिमुखीकरण र छलफल चलाइनुपर्नेछ ।

८) भेलामा सहभागी सबै बयस्क तथा बालबालिकाहरूको छुट्टाछुट्टै उमेर, जाताजाती र लिंग समेत जनाउने गरी उपस्थिती गराउनुपर्नेछ ।

९) विद्यालयमा आधारित बाल क्लब गठन गर्दा भने विद्यालयभित्र सबै कक्षामा सुचना प्रदान गरिनुपर्दछ । भेलाको आयोजना विद्यालय परिसरभित्रै प्रधानाध्यापक, तोकिएको शिक्षक वा व्यवस्थापन समितिका अध्यक्षको उपस्थितीमा गरिनुपर्नेछ ।

१०) विषयगत बाल क्लब गठन गर्दा स्थानीय समुदायमा वा विद्यालय जहाँ गठन गर्ने हो त्यसै अनुरूप सुचना गर्ने र भेलाको आयोजना गरिनुपर्नेछ ।

## ७.नेतृत्व चयनः

१. बाल क्लब गठन गर्न नियम ६ बमोजिमको भेलामा सहभागी बालबालिकाहरूको सहमती भएमा बाल क्लबको नेतृत्व चयन गरिनुपर्नेछ ।

२. बाल क्लबको नेतृत्व तल उल्लेखित मध्ये कुनै एक विधिवाट चयन गर्न सकिनेछ । कुन विधिवाट चयन गर्ने भन्ने निर्णय स्वयं उपस्थित बालबालिकाहरू विच छलफल गरी तय गरिनुपर्नेछ :

- बहुपदीय नेतृत्व बाल क्लबमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सह सचिव, कोषाध्यक्ष तथा विषयगत संयोजकहरू तय भएको नेतृत्व ।
- चक्रिय नेतृत्व बाल क्लबमा निश्चित संख्यामा कार्यसमिति सदस्य बन्ने । कार्यसमितिबाट एक अध्यक्ष र सचिव तोक्ने । अर्को बैठकमा अहिलेको सचिव अध्यक्ष हुने र कार्यसमितिको कुनै सदस्य सचिव बन्ने । यही प्रकृया आगामी बैठकहरूमा दोहोरिदै जाने ।

३. बाल क्लबको कार्यसमिति संख्या ९ देखि १५ सदस्यीयसम्म बनाउन सकिनेछ ।

४. बाल क्लबले आवश्यक्ता अनुसार उपसमितिहरू गठन गरी कार्यक्रमहरू गर्न सक्छन् उपसिमितिमा ३ देखि ७ जनासम्म सदस्य बन्न सक्नेछन् ।

५. बाल क्लबको नेतृत्वमा उपलब्ध भएसम्म ५० प्रतिशत बालिका, ३० प्रतिशत दलित, ५ प्रतिशत अपाङ्गता भएका सदस्यहरूका लागि सिट संख्या आरक्षित गराइनुपर्नेछ ।

६. एकै बालक वा बालिका दुइ वा सो भन्दा बढी बाल क्लबको नेतृत्वमा बस्न पाइने छैन । तर बाल क्लबको नेतृत्वमा रहेको सदस्य सञ्जालको नेतृत्वमा भने वस्न पाउनेछ।

७. समुदायमा आधारित बाल क्लबको नेतृत्व न्युनतम प्रत्येक २ वर्षमा परिवर्तन हुनु पर्दछ भने विद्यालयमा आधारित बाल क्लबको नेतृत्व परिवर्तन हरेक वर्ष हुनुपर्दछ ।

८. एकै व्यक्ति बाल क्लबको एउटै पदमा एक कार्यकाल भन्दा वढि समय बस्नु हुदैन ।

९. बाल क्लबका सदस्यहरू विचमा नेतृत्व चयनको सन्दर्भमा विवादहरू आएमा निम्न अभ्यासहरू गर्नुपर्नेछ :

- नेतृत्व गर्न चाहने सदस्यले आफुले बाल क्लबलाई कसरी सकृय र बलियो बनाउने भन्ने विषयमा अर्को सदस्यप्रति नकारात्मक धारणा व्यक्त नगरी छोटो प्रस्तुती गर्न लगाउने ।
- नेतृत्व गर्न चाहने सदस्यहरू विच मात्र छलफल गराइ सहमती गराउने ।
- नेतृत्वलाई चक्रीय नेतृत्व प्रणालीमा परिवर्तन गर्ने ।
- नेतृत्व गर्न चाहनेहरू विच विभिन्न समिति बनाई उक्त समितिको जिम्मेवारी प्रदान गर्ने ।
- माथी उल्लेखित तरिकाबाट विवाद समाधान नभएमा नेतृत्वका लागि सदस्यहरू विच मतदान गराउने । यसरी मतदान गराउँदा प्रचार प्रसार गर्न नपाउने व्यवस्था गर्ने ।

८.सञ्जालहरूको गठनः

१) बाल क्लबहरू विच आपसी समन्वय, सहकार्य बढाउने तथा सबालहरूको सामुहिकीकरण गर्ने र एक आपसबाट सिकाइका अवसर सृजना गर्न बाल क्लब सञ्जालको गठन गरिनेछ ।

२) बाल क्लब सञ्जाल वडा र गाउँपालिकास्तरमा गठन गरिनेछ । वडास्तरीय क्लब सञ्जालको सहजकर्ता वडाअध्यक्ष वा निजले तोकेको व्यक्तिले गर्नेछन्। पालिकास्तरीय क्लब सञ्जालको सहजकर्ता पालिकाअध्यक्षले तोकेको व्यक्तिले गर्नेछन्।

३) बाल क्लब सञ्जाल गठन गर्नका लागि (वडा, गाउँपालिका) तहमा बाल क्लबहरूको प्रतिनिधि भेलाको आयोजना गरिनेछ ।

४) यसरी भेला आयोजना गर्दा सञ्जालले समेट्ने क्षेत्रका (समुदाय, विद्यालय तथा विषयगतः बाल क्लबहरूलाई भेलाको मिति भन्दा १० दिन अगावै सुचना प्रदान गरिनुपर्दछ । सुचनामा निम्न जानकारीहरू आवश्यक हुन्छ :

- भेलाको मिति, समय र स्थान,
- भेलामा छलफल हुने विषयहरू,
- भेलामा आमन्त्रण गरिएको प्रत्येक बाल क्लबको प्रतिनिधि संख्या (जातजाती, लिंग समेत तय गरिएको भए। सो समेत स्पष्ट गरी, भेलामा सहभागीका लागि उपलब्ध हुने सुविधा, भेलामा सहभागीका लागि उपलब्ध नहुने सुविधा, अन्य।

५) बाल क्लबका प्रतिनिधिहरूले भेलामा सहभागी हुन निम्न कुराहरू अनिवार्य हुनेछ :

- आफ्नो बाल क्लबमा छलफल गरी निर्णय गरेको हुनुपर्दछ,
- विद्यालयवाट भेलामा सहभागी हुन तथा सञ्जालको नेतृत्वमा प्रतिस्पर्धा गर्न सहमती दिइएको हुनुपर्दछ,
- समुदायमा आधारित बाल क्लबको हकमा भेलामा सहभागी हुन तथा नेतृत्वमा प्रतिस्पर्धा गर्न अविभावकको सहमती भएको हुनुपर्दछ।

६) वडा तथा गाउँपालिका स्तरिय बालभेलाका लागि सहभागीको छनौटः

क) वडाभेलाः

- वडा अन्र्तगत प्रत्येक समुदाय तथा टोलस्तरमा गठन भएका बाल क्लबका सदस्यहरूको भेलाले आफु मध्येबाट छनौट गरि पठाएका ३ जना (बालक १, बालिका १ र अपाङ्गत, दलित तथा लोपन्मुख समुदायबाट १ जना)
- वडा अन्तर्तगत पर्ने बिद्यालयमा गठित बाल क्लबको भेलाले छनौट गरि पठाएका ३ जना (बालक १, बालिका १ र अपाङ्गत, दलित तथा लोपन्मुख समुदायबाट १ जना)

ख) गाउँपालिकास्तरीय बालभेला :

- गाउँपालिका  वडास्तरीय बाल संजालले आफु मध्येवाट छनौट गरि पठाएका ३ देखी ५ जना (बालक १, बालिका १ र बालिका, अपाङ्गता, दलित तथा जनजाति समुदायबाट ३ जना सम्मको बालप्रतिनिधिहरू ।

७) सञ्जालको नेतृत्व चयन पनि भेलाको सहमतीको आधारमा नियम ८ मा व्यवस्था भए बमोजिमको गरिनुपर्दछ ।

८)सञ्जालको नेतृत्वको पुनर्गठन प्रत्येक १ वर्षमा गर्नुपर्दछ ।

## ९.नेतृत्व चयनमा प्रतिस्पर्धा र सहकार्यको व्यबस्थापनः

१) बाल क्लब तथा सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिकाहरू विच अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्नका लागि सकेसम्म चुनाव हुने अवस्था आउन दिनुहुँदैन ।

२) सम क्षमताका प्रतिस्पर्धिहरूलाई सहमती गराई एक आपसलाई स्विकार्न सक्ने बनाउन पहिलो प्रयत्न गर्नुपर्नेछ ।

३) प्रतिस्पर्धी बालवालिकहरूलाई चक्रिय नेतृत्व, संयोजन क्लब वा उपक्लबहरूको गठनबाट पनि विभिन्न जिम्मेवारीहरू प्रदान गरी उनीहरूको भुमिका र सक्रियतालाई सहयोग गर्न सकिनेछ ।

४) बालबालिकाहरू विच हुने प्रतिस्पर्धामा वयस्कहरूको प्रभाव र स्वार्थ तथा चाहना र प्रभावबाट मुक्त राखिनुपर्नेछ ।

## १०. आबद्दता तथा सुचिकरणः

१) समुदायमा तथा विद्यालयमा गठन भएका बाल क्लबहरू गठन भएको १ महिनाभित्र गाउँपालिका र वडा कार्यालयमा सुचिकृत हुनुपर्दछ ।

२) विद्यालयमा गठन भएका बाल क्लबको आवद्दता स्वयं विद्यालयसंग र समुदायमा गठन भएका बाल क्लबको आवद्दता गाउँपालिका र बडा कार्यालयसंग रहन्छ ।

३) बाल क्लब सुचिकरण हुँदा नाम, उद्देश्य, कार्यसमितिको नाम, सहजकर्ताको नाम र सम्पर्क, आवद्द निकाय खुलाइएको हुनुपर्दछ ।

४) सुचिकृत बाल क्लबहरू हरेक वर्ष अद्यावधिक हुनुपर्दछ । यसरी अद्यावधिक हुंदा अद्यावधिकको निवेदन, बाल क्लबको बार्षिक भेलाको उपस्थिती र विद्यमान कार्यसमितिको नामावली, सहजकर्ताको नाम र सम्पर्क र बाल क्लबले अघिल्लो वर्ष सम्पन्न गरेका कार्यक्रमहरूको सुची संलग्न गर्नुपर्दछ ।

५) विद्यालयमा आधारित बाल क्लबले नविकरण गर्दा सम्बन्धित विद्यालयको सिफारिश पत्र पनि आवश्यक पर्दछ ।

६) बाल क्लबको नाम भेलाका सहभागी बालबालिकाहरूले आपसी सहमतीमा जुराउनेछन् । बाल क्लबको नाम त्यसै क्षेत्रको अर्को बाल क्लबको नामसग मिलेमा अर्को नाम राख्नुपर्नेछ ।

७) बाल क्लबको नामसंग कुनै पनि निजि वा गैससहरूले आफ्नो नाम जोड्न हुँदैन ।

८) गाउँपालिकामा बाल क्लब सुचिकरण हुनुको अर्थ गाउँपालिकाबाट आर्थिक वा अन्य श्रोत उपलब्ध हुने सुनिश्चितता मानिने छैन ।

९) बाल क्लबको सुचिकरण तथा नविकरणका लागि सहजकर्ता निकाय, व्यक्तिले अनिवार्य उपस्थित भई प्रमाणीत र सहमती गर्नुपर्नेछ ।

१०) सुचिकृत तथा नविकरण भएका बाल क्लबको विवरण गाउँपालिकाले बालबालबालिकाको स्थिति प्रकाशनसंगै समावेश गरी प्रकाशन गर्नुपर्नेछ ।

**परिच्छेद ३ :**

## सहजकर्ता सम्बन्धि व्यवस्था

### ११. सहजकर्ता संस्था, निकाय र व्यक्तिहरू:

१) बाल क्लबको गठन तथा सञ्चालन वयस्क सहजकर्ता वा सहजकर्ता संस्थाको अनुपस्थितीमा मान्य हुनेछैन ।

२) प्रत्येक बाल क्लबको एक वयस्क सहजकर्ता वा सहजकर्ता संस्था हुन जरूरी हुन्छ ।

३) सहजकर्ताले बाल क्लबको बैठक, योजना निर्माण, कार्यान्वयन तथा विषयगत छलफललाई सहजीकरण गर्ने, उनीहरूलाई सही र उपयुक्त उपायहरू सुझाउने तथा श्रोतसम्म उनीहरूको पहुंच बनाउन सहयोग गर्नुपर्नेछ ।

४) बाल क्लबका गतिविधि र त्यसबाट उत्पन्न परिणामप्रति सहजकर्ता व्यक्ति, संस्था वा निकायको पनि नैतिक जिम्मेवारी रहनेछ ।

५) सहजकर्ताको छनौट प्रकृयामा बाल क्लबको सहमती र स्विकार्यता अनिवार्य रहनेछ ।

### १२.वयस्क सहजकर्ताको चयनः

१) प्रत्येक बाल क्लबको वयस्क सहजकर्ता अनिवार्य हुनुपर्नेछ ।

२) वयस्क सहजकर्ता बाल क्लब गठन गर्न सहयोग गर्ने संस्था वा गाउँपालिकाले नियुक्त गर्नेछ ।

३) वयस्क सहजकर्ताले सहजीकरण गरेबापत बाल क्लबसंग कुनै पारिश्रमिक लिन हुँदैन । तर सहयोगी संस्था वा गाउँपालिकाले निश्चित पारिश्रमिक वा प्रोत्साहन भत्ता उपलब्ध गराउन बाधा पर्ने छैन।

४) बयस्क सहजकर्ता न्युनतम १२ कक्षा उत्तीर्ण तथा १९ देखि ५८ वर्ष उमेरको व्यक्ति हुनेछ ।

५) विद्यालयमा आधारित बाल क्लबको सहजकर्ता शिक्षकहरू मध्येबाट, समुदायमा आधारित बाल क्लबको सहजकर्ता स्थानीय बाल संरक्षण समिति वा बाल मैत्री स्थानीय शासन समन्वय समितिको फोकल पर्सन / सदस्य वा संस्थाको तर्फबाट तोक्न सकिनेछ ।

६) सहयोगी संस्था वा विद्यालयले नियुक्त गरेको अवस्थामा बाहेक वयक सहजकर्ता स्थानीय व्यक्ति हुनुपर्नेछ ।

७) बाल क्लबको सहजकर्ता हुनका लागि निम्न योग्यता भएको व्यक्ति हुनुपर्दछः

• बाल मैत्री व्यवहारबारे सचेत र अभ्यस्त ।

• बालबालिकाप्रति सकारात्मक धारणा राख्ने ।

• बाल अधिकारबारे जानकार, सचेत, संवेदनशिल तथा तालिम प्राप्त ।

• बाल क्लबका पूर्व सदस्य भएकालाई प्राथमिकता दिइनुपर्नेछ ।

• बालबालिका विरूद्द कुनै पनि हिंसा नगर्न प्रतिबद्द ।

• कुनै पनि राजनितिक दल वा राजनितिक संगठनको सकृय जिम्मेवारीमा नरहेको।

• फौज्दारी अपराधमा संलग्न नभएको ।

• स्थानीय समुदायमा बसोबास भएको ।

• बाल क्लबका पूर्व सदस्य भएका व्यक्तिहरूलाई प्राथमिकता दिइनुपर्दछ ।

• मदिरा, सुर्ती, चुरोट, लागु औषधको अम्मल नभएको व्यक्ति ।

## १३. वयस्क सहजकर्ताको भुमिका र सिमितताः

१) स्थानीय वयस्क सहजकर्ता बाल अधिकार प्रति प्रतिबद्द, स्वयंसेवी भावनाको र माथी १२(७)मा उल्लेख गरिएको योग्यता भएको व्यक्ति हुनुपर्दछ ।

२) .वयस्क सहजकर्ताले बाल क्लबमा निम्न भुमिकाहरू निर्वाह गर्नुपर्दछः

• बाल क्लबको बैठक, कार्यक्रम योजना निर्माण तथा कार्यान्वयनमा सहजीकरण

• बाल क्लबलाई स्थानीय सरोकारवाला निकायहरूसंग सम्पर्क, सम्बन्ध विस्तार गर्न सहजीकरण गर्ने ।

• बाल क्लबले गर्ने कार्यक्रमहरूका लागि स्थानीय श्रोतहरू जुटाउन सहयोग गर्ने।

• बाल क्लबका सामाग्रीहरूको उपयुक्त प्रयोग भए नभएको अनुगमन गर्ने र सम्पत्तीको संरक्षण गर्ने ।

• बाल क्लबका सदस्यहरू बिच आएका विवादहरूको समाधान गर्न सहयोग गर्ने।

• बाल क्लब र स्थानीय समुदाय विच तनाव उत्पन्न भएमा त्यसको समाधानका लागि सहजीकरण गर्ने ।

• बाल क्लबलाई बाल अधिकार लगायतका स्थानीय विकासका सवाल सम्बन्धि सुचना सामाग्रीहरू उपलब्ध गराउन पहल गर्ने ।

• आवश्यक्ता अनुसार बाल अधिकार, बाल सहभागिता, बाल क्लब सहजीकरणका प्रशिक्षण, गोष्ठी तथा तालिमहरूमा सहभागी हुने ।

• बाल क्लबका सदस्य आफ्नो समुदाय वाहिर अन्य कुनै कार्यक्रममा सहभागी हुनपरेमा वयस्क संरक्षकको भुमिका निभाउने ।

३) वयस्क सहजकर्ताले बाल क्लबको सहजीकरण गर्दा निम्न कार्यहरू गर्नु हुँदैनः

• बाल क्लबको बैठक तथा छलफल आफैले सञ्चालन गर्ने ।

• बाल क्लबको योजना आफैले बनाउने, निर्णयहरू आफैले गर्ने र सदस्यहरूलाई निर्णयमा सहमत मात्र गराउने ।

• बाल क्लबलाई कुनै निश्चित निर्णय गर्न लगाउने वा निश्चित विषयमा आफ्नो धारणा लाद्दे ।

• बाल क्लबका तर्फबाट निर्णायक तह तथा संयन्त्रहरूमा प्रतिनिधित्व गर्ने ।

• बाल क्लबका सदस्यहरूलाई हप्काउने, हिसा, दुर्व्यवहार गर्ने वा धम्कि दिने ।

• बाल क्लबका सदस्यहरूमाझ जात, धर्म, लिंग, उमेर, शारिरिक तथा आथिर्क हैसियत लगायत कुनै पनि आधारमा भेदभाव गर्ने ।

• बाल क्लबका सम्पत्ती, बचत रकमहरू जथाभावी प्रयोग गर्ने वा व्यक्तिगत हितमा उपयोग गर्ने ।

• बाल क्लबका सदस्यहरूलाई एक अर्का विरूद्द भड्काउने, कुनै निश्चित व्यक्ति, जाती, समुह, सम्प्रदाय, दल तथा संगठनको पक्ष वा विपक्षमा उभिन तथा गतिविधि गर्न लगाउने ।

• बाल क्लबका सदस्यहरूलाई हिंसात्मक गतिविधि, सार्वजनिक धन जनमा क्षती पुग्ने गतिविधि तथा अलोकतान्त्रिक र घृणा फैलाउने कार्य गर्न प्रोत्साहित गर्ने

• बाल क्लबका सदस्यहरूको उचित सुरक्षाको सुनिश्चितता नगरी समुदायबाट बाहिर पठाउने वा कार्यक्रमहरूमा संलग्न गराउने ।

४ ) सहजकर्ताले नियम १३ (३) मा उल्लेख भए अनुसारको व्यबहार तथा गतिविधि गरेको भन्ने शंका लाग्ने जो कोहीले पनि आवश्यक प्रमाण सहित गाउँपालिका वा सहयोगी संस्था वा विद्यालयमा उजुरी दिन सक्नेछ।

५) सहजकर्ता विरूद्द परेको उजुरी र गुनासोको छानविन गरी दोषी पाइएमा सम्बन्धित सहजकर्तालाई नसिहत दिने, सहजकर्ताबाट हटाउने वा आगामी निश्चित अवधीसम्मका लागि सहजकर्ता बन्न नसक्ने गरी पदबाट हटाउने निर्णय नियुक्त गर्ने संस्थाले गर्न सक्नेछ।

६) उजुरीका छानविन तथा निर्णयक्रममा सम्बन्धित सहजकर्तालाई आफ्नो भनाइ र स्पष्टीकरण राख्ने अवसरवाट वंचित गरिनेछैन।

**परिच्छेद ४ :**

**बाल क्लबको बैठक तथा कार्यक्रम सम्बन्धि व्यवस्था**

## १४. नियमित बैठक तथा छलफलका विषयहरूः

१.बाल क्लबको बैठकको आयोजना विद्यालय बन्द भएको समयमा र दिनको समयमा सबै सहभागीहरूका लागि पहुँचका दृष्टिकोणले उपयुक्त स्थानमा मात्र आयोजना गरिनु पर्ने छ।

२.बाल क्लबको बैठकमा वयस्क सहजकर्ताको उपस्थिती अनिवार्य हुनुपर्नेछ।

३.बाल क्लबको बैठक अधिकतम २ घण्टाभन्दा बढी समय बस्नु हुँदैन।

४. बाल क्लबको बैठकको बैठक पुस्तिका (माइन्युट ) उतार गरी राख्नुपर्नेछ।

५. बाल क्लबको बैटकमा सामान्यतया निम्न प्रस्तावहरूमा छलफल हुन सक्नेछः

- अघिल्लो बैठकपछी भएका कार्यक्रम तथा प्रगतीहरूको समिक्षा
- बाल क्लबका बारेमा सदस्य तथा अन्य बालबालिकाको र व्यक्तिहरूको धारणा
- स्थानीय बाल अधिकारको सबाल र गर्नुपर्ने गतिविधि
- आगामी कार्यक्रमको तय, जिम्मेवारी विभाजन र श्रोत संकलन

## १५. कार्यक्रम योजना निर्माणः

१) बाल क्लबको बैठक तथा बार्षिक भेलाले कार्यक्रम योजना निर्माण गर्नुपर्दछ। यसरी योजना निर्माण गर्दा मासिक एउटा भन्दा धेरै गतिविधिहरू राख्नुहुँदैन।

२) बाल क्लबको कार्यक्रम योजना निर्माण गर्दा स्थानीय पर्व, मौसम, खेतीपातीको क्यालेन्डर, विद्यालयको शैक्षिक क्यालेन्डरसंग नजुध्ने गरी बनाइनुपर्नेछ।

३) बाल क्लबको कार्यक्रम मुलतः निम्न विषयमा केन्द्रीत हुनुपर्दछः

३.१) बाल अधिकारको प्रचार प्रसार :

बालबालिकाले स्थानीय तहमा गीत, कविता, खेल, कथा, वक्तृत्वकला, चित्रकला, भित्ते पत्रिका, सडक नाटक, रेडीयो कार्यक्रम, पत्रपत्रिकामा लेख लेखेर आदिको माध्यमबाट बाल अधिकारका बारेमा प्रचार प्रसार गर्न सक्दछन्

३.२) बाल अधिकार अनुगमन :

बाल क्लबहरूले आफ्नो क्षेत्रका गाउँपालिका र वडाहरूमा गुनासो पेटिका राखेर, साथीहरूको समुह छलफल गरेर, आफ्नो विद्यालय तथा समुदायको अनुगमन भ्रमण गरेर बाल अधिकारको अवस्था के कस्तो छ भनी अनुगमन गर्न सक्छन्। यसरी बाल क्लबले पत्ता लगाएका कुराहरू विद्यालय ब्यबस्थापन समिति, बडा तथा गाउँपालिकाको कार्यालय, गाउँ शिक्षा समिति, बाल संरक्षण समिति वा सहयोगी संस्था समक्ष आवश्यक कार्वाहीका लागि प्रस्तुत गर्न सक्छन्।

३.३: सेवाका लागि सम्प्रेषण र सुझावः

बाल क्लबहरूले आफ्नो समुदाय तथा विद्यालयमा हिसा, शोषण, दुव्र्यवहार तथा शिक्षा स्वास्थ्यबाट बंचित भएका बालबालिका फेला परेमा वा त्यस्ता गुनासोहरू आएमा सेवा प्रदायक संस्थाहरूसंग सम्पर्क गरी सम्बन्धित बालबालिकालाई सेवाको लागि सिफारिस गर्न सक्दछन्। उनीहरूले ती साथीहरूलाई सेवा प्रदायकहरूको सम्पर्क ठेगाना दिएर पनि सघाउन सक्छन्।

३.४) शैक्षिक तथा व्यक्तित्व विकासका कार्यक्रमहरूः

बाल क्लबहरूले सदस्यहरूका लागि व्यक्तित्व विकास तथा शैक्षिक विकासका विभिन्न रचनात्मक गतिविधिहरू, खेलकुदका गतिविधिहरू, छोटो समयका विभिन्न सीप कलाका प्रशिक्षणहरू पनि चलाउन सक्छन्।

३.५) सामुदायिक स्वयंसेवाः

बाल क्लबका १४ बर्ष भन्दा माथी उमेरका बालबालिकाहरूले सुरक्षित ढंगले वयस्कहरूको साथमा सामुदायिक स्वयंसेवा पनि गर्न सक्छन्। यस्तो सामुदायिक स्वयंसेवा दैनिक ६ घण्टाभन्दा बढी हुनु हुँदैन र लगातार ३ घण्टाभन्दा बढी हुन हुँदैन। सामुदायिक स्वयंसेवाका कार्यहरूमा बालबालिकाको नैतिक र भौतिक सुरक्षाको सुनिश्चितता हुनुपर्दछ। प्रचलित कानुनबमोजिम निकृष्ट वा जोखिमयुक्त बालश्रम बालबालिकाले स्वयंसेवा गर्न सक्ने छैनन्। तथा बालश्रम ठहरीने गतिविधीमा बालबालिकाले स्वयंसेवा गर्न सक्ने छैनन्।

३.६) निर्णय प्रकृयालाई प्रभावित पार्नेः

बाल क्लबहरूले सामुहिक रूपमा वा प्रतिनधि मार्फत बाल अधिकारका सरोकारहरूलाई स्थानीय योजना तथा नीतिहरूले सम्बोधन गराउनका लागि बाल भेला, अन्तक्रिया, बाल सुनुवाइ, प्रतिनिधी मण्डल भेटघाट जस्ता कार्यक्रमहरू आयोजना गर्न सक्छन् ।

## १६. बाल क्लबले सञ्चालन गर्ने कार्यक्रमहरूको सिमितताः

तल उल्लेखित ढंगले बाल क्लबले कार्यक्रमहरू सञ्चालन गर्नु हुँदैनः

१)कुनै राजनितिक दल वा उसको भातृ संगठनको प्रत्यक्ष पक्षपोषण गर्ने ।

२)समुदायको सार्वजनिक वा निजि सम्पत्ती तथा कसैको जीउ ज्यानमाथी क्षती पुग्ने ।

३)समुदायका निश्चित समुह, जाती वा पेशाकर्मीप्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्ने ।

४)हिंसा र दुर्व्यवहार पिडित तथा प्रभावित बालबालिकाको गोपनियता भंग हुने र पहिचान खुल्ने गतिविधीहरू ।

५) सांस्कृतिक कारण बाहेक रातको समयमा र आफ्नो विद्यालय वा समुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरू । तर प्रतिस्पर्धा वा आयोजकहरूले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा भने समुदाय वा विद्यालय भन्दा बाहिर गएर कार्यक्रम गर्न सकिन्छ ।

६) उचित सुरक्षाको प्रबन्ध र आवश्यक पुर्व अनुमती बेगर सहभागीहरू कसैको पनि जिउ ज्यानमा खतरा पुग्ने साहसिक खेलहरू खेलाउन ।

७) बाल क्लब कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार, व्यवसायहरू ।

८) वयस्कहरूको संस्था वा क्लबले जस्तो सिंगो परियोजना सञ्चालन गर्ने वा अन्य धैरै ठुला र लामो समयका गतिविधिहरू गर्न हुँदैन ।

९) सामाजिक शान्ति सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा बाल अधिकारकर्मी, गाउँपालिका बाल संरक्षण समिति तथा बालमैत्री सुशासन समन्वय समितिको परामर्शमा गाउँपालिका वा विद्यालयले निश्चित गतिविधीलाई रोक लगाउन सक्नेछ ।

**परिच्छेदः ५**

**बाल क्लबको सदस्यता सम्बन्धि व्यवस्था**

१७. सदस्यता वितरण र व्यवस्थापन

१) बाल क्लबले स्वतन्त्र रूपमा आफ्नो सदस्यता वितरण गर्न सक्छ । बाल क्लबको सदस्य हुन सोही विद्यालयको विद्यार्थी वा सोही समुदायमा बसोवास भएको बालबालिका नै हुनुपर्दछ ।

२) कुनै बालबालिकाले सदस्य बन्न चाहेकोमा सामान्यतया बाल क्लबले सदस्य बनाउनुपर्दछ ।

३) कुनै पनि बालबालिकालाई सदस्य बन्नका लागि दबाब दिन पाइनेछैन ।

४) सदस्य नभएकै कारण बाल क्लबले आयोजना गर्ने खुला र सार्वजनिक कार्यक्रममा कुनै बालबालिकालाई सहभागी नगराउन पाइनेछैन ।

५)सदस्यहरूको अभिलेख बाल क्लबले आफ्नै रजिष्टरमा राख्न सक्नेछ । यसरी अभिलेख राख्दा निम्न कुराहरू उल्लेख हुनुपर्दछः

नाम थर, ठेगाना, उमेर, लिंग, (विद्यालयमा भए कक्षा), अविभावकको नाम, सम्पर्क फोन नम्बर, फोटो (उपलब्ध भएसम्म) ।

६) श्रोत साधन भएको अवस्थामा बाल क्लबले सदस्यता पत्र पनि वितरण गर्न सक्नेछ ।

१८. प्रतिनिधित्व र सहभागीताको समान अवसरको व्यवस्थापनः

१)बाल क्लबका सदस्यहरूमाझ सबैले उपयुक्त अवसरहरू प्राप्त गरून र आफ्नो व्यक्तित्व विकास गर्ने समान अवसर प्राप्त गरून भन्ने मान्यता बाल क्लबको नेतृत्व गर्ने क्लबले राख्नुर्नेछ ।

२)समान अवसर प्रतिनिधित्वका लागि विषयगत समुहहरू बनाएर सोही अनुसार नियमित वा पालैपालो प्रतिनिधित्व र सहभागिताको अवसर दिन सकिनेछ ।

३)निरन्तर एकै व्यक्ति हुनुपर्ने वा आयोजक संस्था वा निकायले तोकेको अवस्थामा बाहेक सकेसम्म पालैपालो सबै सदस्यहरूलाई सहभागिताको अवसर दिनुपर्नेछ ।

४)बाल क्लबको प्रतिनिधित्व गर्ने व्यक्तिले र कुनै कार्यक्रममा जानु अघि आफ्नो क्लबका सदस्य र सहजकर्तासंग आफुले के कस्ता सबाल उठाउने भनी छलफल र परामर्श गर्नुपर्नेछ ।

५)बाल क्लबका सदस्य कुनै कार्यक्रम वा बैठकमा सहभागी भएपछि आफ्नो क्लबका सदस्यहरू र सहजकर्ताको बैठक राखी आफु सहभागि भएका कार्यक्रमको बारेमा जानकारी दिनुपर्नेछ । सकेसम्म एक पेजमा प्रतिवेदन लेखेर बाल क्लबको फाइल वा माइन्युटसंगै राख्नुपर्नेछ ।

## १९. सदस्यहरू बिचको विवादको समाधानः

सामान्यतया बाल क्लबमा उत्पन्न हुने विवादहरूलाई निम्न ढंगले समाधान गर्न सकिनेछः

१) बाल क्लबको योजना निर्माण लगायतका छलफलमा सबै सदस्यहरूलाई स्वतन्त्र र छोटो रूपमा आफ्नो विचार राख्न लगाउनुपर्दछ ।

२)बाल क्लबको बैठक बस्ने छलफल गर्ने तथा नेतृत्व चुन्ने प्रकृयाका बारेमा आचारसंहिता निर्माण गर्नुपर्दछ । नमुना आचारसंहिता अनुसुची ६. मा दिइएको छ ।

३)बाल क्लबका सदस्यहरूमाझ कार्यक्रम आयोजना गर्ने सन्दर्भमा फरक प्रस्तावहरू प्राप्त भएमा, ती कार्यक्रमहरूको सुचि बनाउने र सदस्यहरूलाई आपसी छलफल गरी कार्यक्रमहरूको प्राथमिकता छनौट गर्न लगाउने । कार्यक्रमको छनौट गर्दा निम्न कुराहरूको आधारमा गर्नेः

• बालबालिकाले रूचिकर मान्ने, सृजनात्मक, खेलकुद तथा बौद्धिक विकासका कार्यक्रमहरू पहिलो प्राथमिकतामा गर्ने ।

• बाल अधिकारको प्रचार प्रसार हुने, अविभावक, निर्णयकर्ताहरू तथा समुदायमाझ बालबालिकाको सरोकारहरू प्रस्तुत गरिने कार्यक्रमहरूलाई प्राथमिकतामा दिने ।

• बाल क्लबले गर्न नहुने भनेका कार्यक्रमहरू छनौट नगर्ने ।

• बाल क्लबलाई धेरै आर्थिक भार पर्ने तथा लामो समय लाग्ने कार्यक्रमहरू नगर्ने ।

• समुदाय र समुदायका अन्य संस्थाहरूसंग द्धन्द वा मनमुटाव हुन सक्ने कार्यक्रमहरू नगर्ने

• धेरै दिन विद्यालय शिक्षालाई असर पर्ने वा कक्षा छाडी तयारी गर्न पर्ने कार्यक्रमहरू नगर्ने ।

• अन्य बाल क्लब वा संस्थाले भर्खरै गरिसकेका समान किसीमका कार्यक्रमहरू भए त्यसलाई प्राथमिकतामा पछाडी राख्ने ।

४ ) बाल क्लबका सदस्यहरू विच स्थानीय सरोकारका विषयमा फरक विचार वा धारणाहरू आएमा ती धारणाहरूलाई समावेश गरी साझा धारणा बनाउनुपर्दछ । यसका लागि निम्न कार्यहरू गर्न सकिनेछः

• सबै सदस्यहरूले सम्बन्धित विषयमा पालैपालो आफ्ना विचारहरू छोटकरीमा राख्न दिनुपर्दछ । यसरी विचार राख्दा अरूको विचारलाई गलत भन्ने, होच्याउने वा सिधै नकार्न हुँदैन ।

• फरक फरक धारणाहरूलाई समेटेर कुनै सदस्यले एकै धारणा प्रस्ताव गर्न लगाउने ।

• यदी नितान्त विपरित धारणाहरू आएमा बाल क्लबको बैठकमा ती फरक धारणाहरूलाई र त्यसलाई समर्थन गर्ने सदस्य संख्या पनि लेख्ने । तर, बहुमत सदस्यहरूले व्यक्त गरेको धारणा अनुसार बाल क्लबले गतिविधि गर्नुपर्दछ।
५) बाल क्लबका सदस्यहरू बिच आर्थिक वा संगठन व्यबस्थापनका विषयमा विवाद भएमा :

- बाल क्लबका सदस्यहरू बिच नै विवादको विषयमा छलफल गरी आपसी सहमती सृजना गर्ने।
- बाल क्लबका सदस्यहरूले उठाएको विवादको विषय र उनीहरूले दिएका तर्क तथा प्रमाणहरूको सुचि बनाउने।
- विद्यालयका प्रधानाध्यापक वा समुदायमा आधारीत बाल क्लबको हकमा आवद्ध समितिका सयोजकले सम्बन्धि विवादको छानविन गरी निर्णय प्रदान गर्ने

६) बाल क्लबभित्र आउने विवादको समाधान गर्ने बैठकमा वयस्क सहजकर्ता र आवद्ध समिति वा निकायका प्रमुखको अनिवार्य उपस्थिती हुनुपर्दछ।

**परिच्छेद ६ :**

**बाल क्लब र संजालको आर्थिक व्यवस्थापन**

## २०. आर्थिक व्यवस्थापन

१) बाल क्लब र संजालको आर्थिक श्रोत निम्न हुन सक्नेछन्ः मासिक शुल्क, चन्दा तथा सहयोग, संस्थाहरूबाट प्राप्त हुने आर्थिक सहायता, विद्यालयबाट प्राप्त हुने आर्थिक सहायता, वडा तथा गाउँपालिकाबाट प्राप्त हुने आर्थिक सहायता, स्थानीय समुह, निजि क्षेत्रहरूबाट प्राप्त हुने सहायता।

२) बाल क्लबले आर्थिक सहायताको निम्ति सामान्य निवेदन दिए पुग्दछ। बाल क्लबका लागि ३ हजार रूपियाँ भन्दा बढीको सहयोग दिनपरेमा नगद प्रदान नगरी सोझै जिन्सि वा सेवा खरिद गरी सहयोग गर्नुपर्दछ।

३) बाल क्लबले आर्थिक फछ्र्यौट गर्दा उपलव्ध बिल भर्पाइ र आय व्ययको हस्तलिखित विवरण बुझाएर गर्न सक्नेछन्।

४) बाल क्लबलाई सोझै परियोजना वा अभियान सञ्चालन गर्नका लागि सम्झौता गरी रकम प्रदान गर्न पाइनेछैन।

५) बाल क्लबले आफ्नै विद्यालय वा समुदायमा आर्थिक संकलन गर्नका लागि बालअधिकार संरक्षण र प्रर्वधनका निम्ती कार्यक्रमहरू आयोजना गर्न सक्नेछन्। जस्तैः देउसी भैलो, सांस्कृतिक कार्यक्रम, खेल प्रतियोगीता आदि। यस्ता कार्यक्रम आयोजन हुँदा आवद्ध निकायको स्विकृती, सहजीकरण र सुपरिवेक्षण अनीवार्य रहनेछ।

६) बाल क्लबले संकलन गरेका रकम उनीहरूले आयोजना गर्ने बालमैत्री गतिविधिका निम्ति मात्र खर्च गर्नुपर्नेछ। यस्तो रकम छात्रवृत्तीका लागि, भौतिक पुर्वाधारहरूको निर्माण, मर्मत सम्भारका लागि वा कसैलाई पिडित सहायता, आपतकालिन सहायता बापत सहयोग उपलब्ध गराउन खर्च गर्न हुदैन।

७) बाल क्लबको बार्षिक आय व्यय विवरण सामान्य ढाँचामा उल्लेख गरी राख्नुपर्नेछ। बाल क्लबले ठुलो रकमको गतिविधि गर्न परेमा सहजकर्ताले आर्थिक व्यबस्थापन र सहजीकरणमा सहयोग गर्नुपर्नेछ। यसरी व्यवस्थापन गर्दा आर्थिर्क हिसाब किताब बाल क्लबबाट अनुमोदन गराउनुपर्नेछ।

**परिच्छेद ७ :**

## बाल क्लब र अन्य निकायहरूको सम्बन्ध र सहकार्य

### २१. गाउँपालिकासंगको सम्बन्ध र सहकार्यः

१. सबै बाल क्लब र संजालले वडा तथा गाउँपालिकाको कार्यालयमा सुचिकरण तथा नविकरण हुनुपर्नेछ ।

२. गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको बाल क्लबको विवरण अद्यावधिक गर्नेछ।

३. पालिकाले आफ्नो वार्षिक बजेट तथा कार्यक्रममा बाल क्लबका गतिविधि, बाल क्लब र सहजकर्ताको प्रशिक्षण तथा बाल क्लब प्रतिनिधिको परामर्श कार्यक्रमहरू स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ ।

४. बाल क्लबले गाउँपालिकासँग स्थानीय विकासमा बालबालिका सम्बन्धि योजना तथा कार्यक्रम, सुविधा र उपलब्धीहरूको बारेमा सुचना माग गर्ने, त्यस्ता जानकारीहरू प्रचार प्रसार गर्ने तथा कार्यक्रम र सुविधाहरूको बाल अनुगमन गर्न सक्नेछ ।

५. बाल क्लबले गाउँपालिकासँग आफ्ना कार्यक्रमहरूका लागि आर्थिक सहायता तथा प्राविधिक र सामाग्री सहयोगको माग गर्न सक्नेछ ।

६. बाल क्लबले हरेक बर्ष आफुले गरेका कार्यक्रमहरूको सुचि र विवरण तोकिएको ढाँचामा गाउँपालिकालाई उपलब्ध गराउनुपर्नेछ ।

### २२. बालबालिका सम्बन्धी स्थानीय समितिहरूसंगको सम्बन्ध र सहकार्यः

१) गाउँपालिकामा वडा बालसंरक्षण समिति, स्थानीय बालमैत्री शासन समिति, स्थानीय मानव बेचबिखन नियन्त्रण समिति, गाउँ शिक्षा समिति र स्थानीय विपद व्यवस्थापन तथा जोखिम न्युनिकरण समिति, गाउँ स्वास्थ्य समिति र  स्थानीय खानेपानी तथा सरसफाइ समितिहरू बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने समिति हुन् ।

२) यी समितिहरूमा बाल क्लब वा सञ्जालका प्रतिनिधिहरू सदस्य वा पर्यवेक्षकको रूपमा सहभागी गराइनुपर्दछ।

३) यी समितिहरूको बार्षिक कार्यक्रम तथा कार्ययोजनामा बाल परामर्श, बालबालिकाको क्षमता विकास, बाल क्लबसँग साझेदारीमा गरिने गतिविधीहरू तय गरिनुपर्दछ ।

४) यी समितिहरूले बाल परामर्श तथा विभिन्न समयमा बाल क्लब तथा बालबालिकाबाट प्राप्त हुन आएका गुनासा र सुझावहरूलाई गाउँपालिकाको योजना प्रकृयामा पैरवी गर्नुपर्दछ ।

५) यी समितिहरूले बालबालिकाले सम्प्रेषण गरेका तत्काल सम्बोधन गर्नपर्ने समस्याहरूमा कार्वाही गर्न सम्बन्धित निकायहरू विच समन्वय गर्ने कार्य गर्नुपर्दछ ।

६) यी समितिहरूले बाल क्लबका गतिविधीहरूलाई प्रोत्साहित गर्न उत्कृष्ट बाल क्लब पुरस्कार तथा सम्मानका कार्यक्रमहरू गर्न सक्छन् ।

२३.विद्यालय व्यवस्थापन समितिः

१) विद्यालयमा रहेका बाल क्लबहरू विद्यालय व्यबस्थापन समितिसँग आवद्ध हुनुपर्दछ ।
२) विद्यालयको वार्षिक कार्यक्रम, बजेट तथा कार्ययोजनामा बालबालिकासँग परामर्श, बाल क्लबका गतिविधिलाई सहयोगका कार्यक्रमहरू उल्लेख गरिनुपर्दछ
३) विद्यालय व्यवस्थापन समितिमा बाल क्लबका प्रतिनिधिलाई पर्यवेक्षकको रूपमा सहभागी गराइनुपर्दछ र बैठकहरूमा बालबालिकाका सरोकारहरू प्रस्तुत गर्न लगाउनुपर्दछ ।
४) विद्यालय व्यवस्थापन समितिको बैठकमा छलफल हुने संवेदनशिल र विवाद सृजना हुन सक्ने विषयहरू जस्तैः शिक्षक नियुक्ती र कार्वाही, निर्माण ठेक्का पट्टा तथा अनियमतिताका विवादहरूको छलफलमा बालबालिकालाई प्रत्यक्ष र निर्णायक सहभागी बनाइनु हुँदैन ।
५) विद्यालयमा रहने शिक्षकको व्यवहारिक सीप तथा शैलि, निर्माण गरिने भौतिक संरचनाका स्वरूप र गुणस्तरका विषयहरूमा भने बाल क्लबका सदस्य र सकेसम्म धेरै बालबालिकाको सुझाव संकलन गरिनुपर्दछ ।

२४. अन्य संघ संस्था तथा सेवा प्रदायक निकायहरूः

१) गाउँपालिकाभित्र क्रियाशिल विभिन्न संघ संस्था तथा सेवा प्रदायक निकायहरूले बालबालिकाका प्रत्यक्ष प्रभावित हुने वा उनीहरू लक्षित कार्यक्रम, निर्णय तथा योजना प्रकृयामा बाल क्लबका प्रतिनीधिहरूसँग परामर्श गर्नुपर्दछ ।
२) संस्था तथा सेवा प्रदायक निकायहरूले बालबालिकाको लागि निःशुल्क उपलब्ध सेवा सुविधा तथा कार्यक्रमहरूको बारेमा प्रचार प्रसार गर्न, सेवाका लागि सम्प्रेषण गर्न तथा सेवा, सुविधा तथा कार्यक्रमहरूको प्रभावकारिताको अनुगमन गर्न बाल क्लबसँग सहकार्य गर्न सक्छन् ।
३) सेवा प्रदायक निकायहरूले बाल क्लबका सदस्य तथा बाल क्लबसँग सहकार्य र परामर्श कार्यहरू गर्दा उनीहरूको नियमित शिक्षालाई नकारात्मक प्रभाव पार्न र सकेसम्म विद्यालय समयमा असर पार्न हुँदैन ।
४) ४ सेवा प्रदायका निकायहरूले बाल क्लबका सदस्यहरूलाई अनिवार्य सहभागीताको नियम लागु गर्न हुँदैन ।
५) सेवा प्रदायका निकायहरूले बालबालिकालाई जोखिमपुर्ण हुने विवादित विषय, फौज्दारी अपराधका उजुरी लगायतका विषयमा छलफल गर्न वा उनीहरूको राय वा निश्कर्ष माग्न र त्यस्ता क्षेत्रमा काममा लगाउन हुदैन । तर न्यायीक प्रकृयामा प्रभावित बालबालिकासँग गरिने परामर्श भने गर्न सकिन्छ ।
६) सेवा प्रदायक निकायहरूले बालबालिका सहभागी भएर गरिएका सामुदायिक कार्यबापत भत्ता वा ज्याला प्रदान गर्ने कार्य गर्न हुँदैन ।

२५. योजना तर्जुमामा बाल क्लब प्रतिनिधित्वको व्यवस्थाः

१. गाउँपालिकाबाट हुने योजना निर्माण चक्रमा बाल क्लबको प्रतिनिधित्व र सहभागीता अनिवार्य हुनेछ ।
२. बस्ती तथा वडा स्तरमा हुने योजना छलफलमा सहभागी हुन बाल क्लबका सदस्य वा प्रतिनिधिहरूलाई निमन्त्रणा गरिनेछ । भेलामा उनीहरूको सरोकार राख्न निश्चित समय प्रदान गरिनेछ ।
३. बडा र गाउँपालिका स्तरमा तोकिएको प्रकृयामा बाल भेलाको आयोजना गरी योजना निर्माणका लागि बालबालिकाको परामर्श लिनुपर्नेछ ।
४. योजना निर्माण तथा बजेट विनियोजनमा बाल क्लबलाई बालबालिकाको निम्ति छुट्याइएको कार्यक्रम तथा बजेटवारे छुट्टै सार्वजनिक सूचना जारी गरिनुपर्नेछ । यस्तो जानकारी सरल भाषामा उपलब्ध हुनुपर्नेछ ।

**परिच्छेद ८ :**
**बाल क्लबको सम्मेलन र विघटन सम्बन्धि व्यवस्था**

२६. बाल क्लबको सम्मेलनः

१) दुइ वा दुइ भन्दा बढी एकै भौगोलिक क्षेत्र वा एकै विद्यालय भित्रका बाल क्लबहरू सम्मेलन हुन सक्दछन् ।
२) फरक भौगोलिक क्षेत्र वा फरक विद्यालयका बाल क्लबहरू सम्मेलन हुन सक्दैनन् ।
३) सम्मेलनमा जानका लागि चाहने बाल क्लबले क्लबका सहजकर्ताको उपस्थितीमा सदस्यहरूको भेलाले सम्मेलनमा जाने निर्णय गर्नुपर्नेछ ।
४) सम्मेलन गर्न चाहने सबै बाल क्लबका सहजकर्ता समेतको उपस्थितीमा सदस्यहरूको भेला आयोजना गरि माथी नियम ७ मा उल्लेख भए अनुसार नयाँ कार्य समिति चयन गर्नुपर्नेछ ।
५) सम्मेलन पश्चात नयाँ कार्यसमिति गठन भएको एक महिनाभित्र सम्बन्धित स्थानीय निकायमा सम्मिलनको जानकारी दिइनुपर्दछ ।
६) यसरी सम्मेलनपछि सम्मेलन भएका बाल क्लबको सुचिकरण खारेज हुनेछ र नयाँ बाल क्लब सुचिकृत हुनेछ ।

२७. बाल क्लबको विघटनः

बाल क्लब निम्न अवस्थामा विघटन भएको मानिनेछः

१) बाल क्लब निरन्तर २ वर्षसम्म अद्यावधिक नभएमा । अद्यावधिक नभएका बाल क्लबलाई विघटन गर्नुअघि ३ महिनाको समय राखी अद्यावधिक गर्नका लागि सुचित गरिनेछ ।
२) बाल क्लबका बहुमत सदस्यहरूले बाल क्लब विघटन गर्ने निर्णय गरेमा ।

३) विद्यालयले उपयुक्त कारण दर्शाइ विद्यालयमा आधारित बाल क्लब विघटन गर्न सिफारिस गरेमा।

४) पालिका, संस्था वा क्लबले उपयुक्त कारण देखाइए बाल क्लब विघटन गर्न सिफारिस गरेमा ।

५) माथी ३ र ४ अनुसार विघटन हुनुपूर्व सार्वजनिक सुचना र बाल क्लबका सदस्यहरूसँग छलफल गरिनेछ ।

६) बिघटन भएका बाल क्लब गाउँपालिकाको सुचिकरणवाट स्वतः खारेज हुनेछ ।

७) विघटन भएका बाल क्लबको सम्पत्ती तथा दस्तावेजहरू सम्बन्धित विद्यालय वा स्थानीय निकायले जिम्मामा लिनेछ र अर्को बाल क्लब गठन प्रयोजनका लागि प्रयोग गर्न सकिनेछ ।

**परिच्छेद ९:**

## विविध

२८. बाल क्लबभित्र दलगत राजनितिक प्रभावलाई न्यूनीकरण गर्ने

१) बाल क्लबका सदस्यहरू तथा वयस्क सहजकर्ता कुनै पनि राजनितिक दल वा दलका भातृ संगठनको नेतृत्वमा नरहेको व्यक्ति हुनुपर्दछ ।

२) बाल क्लबले विभिन्न राजनितिक दलहरूसँग बाल अधिकार प्रवर्द्धन र संरक्षणका विषयमा खुला अन्तर्क्रिया तथा छलफल आयोजना गर्न सक्छन् ।

३) बाल क्लबले कुनै एक राजनितिक दल वा समुहसँग मात्र संयुक्त कार्यक्रमहरू आयोजना गर्न हुँदैन ।

४) बाल क्लबले सार्वजनिक पदमा निर्वाचित वा नियुक्त राजनितिक व्यक्ती बाहेक अन्य राजनितिक दलका प्रतिनिधि वा व्यक्तिलाई कार्यक्रममा प्रमुख अतिथि, अतिथि वा श्रोत व्यक्ती बनाउन हुँदैन ।

५) बाल क्लबले कुनै एक राजनितिक दलको मात्र पक्ष वा विपक्षमा हुने गरी कार्यक्रम तथा गतिविधिहरू सञ्चालन गर्न हुँदैन ।

६) बाल क्लबले राजनितिक दल वा भातृ संगठनका बारेमा विशेष जानकारी दिन वा उसको सदस्य बन्न प्रेरित गर्न कार्यक्रम तथा गतिविधिहरू गर्न हुँदैन

२९. बाल क्लब र सञ्जालभित्र सद्भाव, सद्व्यबहार र सुरक्षित अभ्यास प्रवर्द्धन गर्नेः

१) बाल क्लबले आफ्नो संगठन निर्माण, व्यवस्थापन तथा कार्य प्रकृयाका सम्बन्धमा आचारसंहिता निर्माण गर्नुपर्दछ ।

२) बाल क्लब तथा यसका सदस्यहरूले सामाजिक कुरीती, भेदभावको अभ्यास र गलत प्रचलनहरूका पक्षमा नबोल्न र त्यस्ता अभ्यासहरू नगर्न सदस्यहरूलाई प्रशिक्षित गरिनुपर्दछ ।

३) बाल क्लबका सदस्यहरूलाई सबै धर्म, जाती र समुदायबिच सम्मान गर्न, उनीहरूको असल संस्कृती र अभ्यासहरूका बारेमा बुझ्न विभिन्न समयमा विविध सांस्कृतिक कार्यक्रमहरू आयोजना गर्न सकिन्छ ।

४) बाल क्लबको नेतृत्वमा समुदाय वा विद्यालयमा रहेका विभिन्न समुदायको प्रतिनिधित्व हुन सक्ने व्यबस्था गरिनुपर्दछ ।

५) बाल क्लबको बैठकमा संस्कृति छलफलका प्रस्ताव नै बनाएर नियमित रूपमा सदस्यहरूले पालैपालो आफ्नो धर्म, संस्कृतीका बारेमा र असल कुराहरूका बारेमा प्रस्तुती र छलफल गर्ने नियम बनाउन पनि सकिन्छ ।

३०. बाल क्लबका गतिविधिबारे साझा सुनुवाइको व्यबस्था गर्नेः

१) कुनै पनि बाल क्लब गठन गरिनु अघि उक्त समुदाय तथा विद्यालयमा बाल क्लबको आवश्यक्ता, अवसर र सम्भावनाहरूवारे अविभावक अनुशिक्षण आयोजना गरिनुपर्दछ ।

२) बाल क्लबले आयोजना गर्ने सबै गतिविधिहरूलाई बालबालिका तथा समुदायले रूचिकर नमान्न पनि सक्छन् । त्यसैले बाल क्लबको गतिविधिहरूको बारेमा गुनासो र प्रतिक्रिया दिने व्यबस्था गरिनुपर्दछ । आएका सुझावहरूलाई सहजकर्ता र बाल क्लबका प्रतिनिधिहरूवसी उक्त सुझावका आधारमा बाल क्लबका गतिविधिहरूमा सुधार गरिनुपर्दछ ।

३) सुझाव वा गुनासाको मात्रै आधारमा बाल क्लब विघटन गर्ने वा बाल क्लबका गतिविधिहरूलाई निषेध गर्ने वा रोक्ने कार्य गर्न हुँदैन ।

४) विद्यालयमा आधारित बाल क्लबका गतिविधिहरूका बारेमा समुदाय तथा अविभावकहरूले विद्यालय व्यबस्थापन समितिका अध्यक्ष वा प्रधानाध्यापकलाई प्रत्यक्ष भेटेर पनि सुझाव दिन सक्दछन् ।

# अनुसुची

## अनुसुची १:

बाल क्लबको नियम ढाँचा

क)बाल क्लबको परिचय नाम:

ठेगाना :

सुचिकरण नम्बर :

ख)बाल क्लबको उद्देश्य र विषयहरू

१.

२.

३.

४.

ग)बाल क्लबको गठनः

१) सदस्य बन्ने तरिकाः
२) नेतृत्व चुन्ने तरिकाः
३) विघटन हुनेः
४) सदस्य बन्न नपाउने व्यक्तिहरूः
५) नेतृत्वमा चुनिन नपाउने व्यक्तिहरूः

घ) बाल क्लबका सदस्यले पालन गर्नुपर्ने नियमहरूः

१) सदस्य भइसकेपछि पालन गर्ने नियमहरूः
२) नेतृत्वमा निर्वाचित भए पछि पालन गर्ने नियमहरूः
३) बैठकमा पालन गर्ने नियमहरूः
४) अन्य बाल क्लबका सदस्य, बालबालिका तथा निकायसंग व्यवहार गर्ने नियमहरूः

ङ) बाल क्लबको आर्थिक श्रोतः

सदस्यता शुल्कः

१) नविकरण शुल्कः

२) अन्य सहायता र श्रोतहरूः

३) पैसा जम्मा गरी राख्ने ठाउँः

४) आम्दानी र खर्च विवरण कसले राख्नेः

५) अन्य विषयहरूः

## अनुसूची २ :

१) बाल क्लबका लागि आवश्यक आधारभुत सामाग्रीहरूः

२) बाल क्लबको सामाग्री राख्नका लागि बाक्सा वा दराज

३) माइन्युट कपी

४) कार्यक्रम विवरण लेख्ने कपी

५) बाल क्लबको नियम

६) बाल क्लबका अध्ययन सामाग्रीहरू

७) बाल क्लबको आम्दानी र खर्च लेख्ने लेखा कापी

८) कलम

९) आवश्यक्ता अनुसार खेल, शैक्षिक तथा मनोरन्जनमुलक सामाग्रीहरू

**अनुसुची ३:**

बाल क्लबको नाम:

बाल क्लबको कार्ययोजना फारम

बाल क्लबको ठेगानाः

वयस्क सहजकर्ताको नाम र सम्पर्क नं.:

सम्पर्क व्यक्तिको नाम र सम्पर्क फोन :

सुचिकरण नं........

| कार्यक्रमको नाम | विषय | कहाँ गर्ने | कहिले गर्ने | श्रोत व्यवस्था | प्रमुख जिम्मेवार सदस्यहरू |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**अनुसूची ४ :**

बाल क्लबको कार्यप्रगती विवरण फारम

बाल क्लबको नाम :

बाल क्लबको ठेगानाः

वयस्क सहजकर्ताको नाम र सम्पर्क नं.:

सम्पर्क व्यक्तिको नाम र सम्पर्क फोन :

सुचिकरण नं.

| सम्पन्न कार्यक्रमको नाम | विषय | कार्यक्रम भएको स्थान | मिति | खर्च भएको रकम र श्रोत | सहभागी संख्या |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**अनुसूची ५ :**

बाल क्लब बैठक माइन्युटको नमुना

बाल क्लबको नाम :

बैठक संख्याः

बैठक मितिः

बैठक स्थानः

वयस्क सहजकर्ताको नाम:

आज मिति ...................................... मा ...............................बाल क्लबको बैठक क्लबका को अध्यक्षतामा बस्यो। बैठकमा उपस्थित सदस्यहरू विच तल उल्लेखित प्रस्तावहरू निर्णयार्थ पेश गरियो।

उपस्थिती

वयस्क सहजकर्ता:

आमन्त्रित (कोही भए)

बाल क्लबका पदाधिकारीहरू तथा सदस्य

प्रस्तावहरू

क)

ख)

ग)

निर्णयहरू

क)

ख)

ग)

## अनुसुची ६

बाल क्लबका पदाधिकारीहरूका लागि आचारसंहिता

- कुनै पनि प्रकारको मद्यपान, धुम्रपान तथा सूर्तिजन्य पदार्थको सेवन नगर्ने।
- आफुलाई सधै अध्ययनशिल राख्दै हरेक कियाकलापहरूलाई फरक किसिमले गर्न चाहाने १८ वर्षको उमेर भन्दा कम उमेरमा वैवाहिक सम्बन्ध कायम नगर्ने एवं अरूलाई पनि बालविवाह गर्न प्रोत्साहित नगर्ने।
- विद्यालयमा नियमितरूपमा जानेछन् र विद्यालयमा पढाई तथा अतिरिक्त क्रियाकलापहरूमा सक्रिय सहभागिता जनाउने।
- टुहुरा, अपांग, असहाय आफ्ना साथीहरूलाई विशेष सहयोग गर्ने र उनीहरूसँगको बालमैत्री व्यवहारलाई बढावा दिने।
- विद्यालय हातामा धुम्रपान, मद्ययपान, सुर्तिजन्य पदार्थ तथा मादक पदार्थ सेवन नगर्न तथा विद्यालयको पढाईमा बाधा नपुर्याउन अभिभावकहरूलाई सहजीकरण गर्ने।
- विद्यालय तथा घरमा अनुशासित भएर आफुलाई प्रर्दशन गर्ने र फजुल समयलाई सृजनात्मक रूपमा प्रयोग गर्ने।
- वडापालिका र गाउँपालिकाका बैठक, परिषद, विद्यालय व्यवस्थापन समिति र हरेक स्तरका हरेक निर्णय प्रक्रियामा पालैपालो गरेर सहभागिता जनाउँने र बालबालिकाहरूका समस्याहरू खुलारूपमा प्रस्तुत् गर्ने।
- बालअधिकार सम्बन्धी अभियानमुखि क्रियाकलापहरू संचालन गर्दा विभिन्न सहयोगी साझेदार निकायहरूसँग समन्वय र सहकार्य गर्ने।
- मोबाईल एवं विद्युतिय उपकरणहरूको दुरूपयोग नगर्ने सकभर विद्यालयमा मोवाईलको प्रयोग नगर्ने।
- आफ्नो अधिकारको माग गर्दा अरूको अधिकारको पनि ख्याल गर्ने।
- आफ्नो साथीहरूलाई जातिय वा लैंगिक हिसावले भेदभाव नगर्ने
- आफु भन्दा सानो उमेरका भाई बहिनीहरूलाई माया गर्ने र उनीहरूलाई नहेप्ने।

**प्रमाणीकरण मिति : २०८१/०२/१४**

आज्ञाले,
राजाराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत